"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

चिङ्गाड गाउँपालिका

# गाउँसभाको १९ औं अधिवेशन

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८२/०८३

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत

# चिङ्गाड गाउँपालिका को आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम
## ८ असार २०८२

**गाउँसभाका सदस्यज्यूहरु,**

आम जनताको लामो त्याग, संघर्ष र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थालाई संरक्षण र सुदृढीकरण गर्नु हामी सबैको दायित्व हो। प्राप्त उपलब्धी अनुसार यस चिङ्गाड गाउँपालिकाको गरिमामय सभामा आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफुलाई गौरावान्वित महशुस गरेको छु । सर्वप्रथम म विभिन्न कालखण्डमा देश र जनताको निमित्त विभिन्न जनआन्दोलनहरुमा सरिक भई नागरिकलाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नुहुने ज्ञात / अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै वेपत्ता तथा घाइते पारिएका व्यक्तिहरु प्रति हार्दिक स्मरण गर्न चाहन्छु । नेपालको संविधानले अवलम्बन गरेको तीन तहको संघीय शासन प्रणाली बमोजिम तीनै तहका सरकारहरु विच सहकारिता, समन्वय र सहअस्तित्वको व्यवस्थालाई आत्मसाथ गर्दै समतामूलक र समावेशी विकास प्रक्रियामा तीन वटै सरकार मिलेर अगाडी बढ्नु आजको प्रमुख आवश्यकता रहेको छ ।

हिजोका दिनहरुमा सुगम जिल्लाको दुर्गम गाउँपालिकाको उपनामले चिनिने यस चिङ्गाड गाउँपालिकामा आजको दिनसम्म आइपुग्दा विकासका ढोका खोल्न सफल भएका छौं । यसलाई पूर्णता दिनको लागि निरन्तर लागिरहेका छौं । साथै यो सबै तपाई हाम्रो विकास प्रतिको लगाव, परिवर्तनको प्रतिफल एंवम् नागरिकको चाहानाबाटै सम्भव भएको छ।

समयको परिवर्तन सँगै आम जनताका असिमित चाहना तथा अपेक्षाहरुलाई पुरा गर्न गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको सिमित बजेटको परिधिमा रही नागरिकको बृहत्तर हितको लागि आफ्नो स्रोत साधनलाई अधिकतम परिचालन गर्ने गरी वस्तुपरक नीति तथा कार्यक्रमहरु तर्जुमा गरेका छौं ।नीति तथा कार्यक्रमको लागि वडा कार्यालयहरु मार्फत सम्पूर्ण वडाहरुका जनताहरुसँग पुगी विभिन्न विद्धत वर्ग, व्यवसायी, संचारकर्मी, राजनीतिक दल, नागरिक समाज, वि.व्य.स., सामुदायिक बन उपभोक्ता समिति, शिक्षक कर्मचारी, विभिन्न संघ संस्था , राष्ट्रसेवक कर्मचारी लगायत गाउँपालिकाका विभिन्न महानुभावहरुबाट प्राप्ट सुझावहरु लाई समेत मध्यनजर गर्दै पूर्वाधार निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी, सहकारी, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु**

गाउँपालिकाको समग्र विकास र आम नागरिकको जनजीवनको अन्योन्याश्रित सम्वन्धलाई ख्याल गरी विकासतर्फ अग्रसर रहेको यस चिङ्गाड गाउँपालिका भौगोलीक रुपमा विकट र आर्थिक रुपमा पछाडी भएतापनी न्यून स्रोत साधनको उच्चतम सदुपयोग मार्फत जनताको आवश्यकता र चाहानालाई सम्बोधन गर्नु, छिटो प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्नु यस नीति तथा कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। कार्यान्वयन मुखी योग्य, सरल, संक्षिप्त र समय सान्दर्भिक कार्यक्रमको गोजी पात्रो बनाउनु यस नीति तथा कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

कार्यकालको चौथो बर्षमा प्रवेश गरिरहदाँ हामीले समग्र चिङ्गाड गाउँपालिकाको विकासका लागि रोड म्याप तयार गरेका छौं र त्यसको पूर्णताको लागि अझै थुप्रै विकासका गतिविधिहरु सञ्चालन गरी थप उपलब्धि हासिल गर्नुपर्ने छ। विगतका अनुभवलाई गम्भीर रुपमा समीक्षा गर्दै आगामी दिनहरुमा अझ गतिशील र दिगो विकासको अनुभुति जनतालाई दिनु छ। यस सन्दर्भमा नै आगामी आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरु माझ दिलाउन चाहान्छु।

**"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"** को **दीर्घकालिन सोचलाई** आत्मसाथ गरी आर्थिक वृद्धि र समावेशी समृद्धि, सामाजिक न्याय सहितको रुपान्तरण, उत्पादन तथा उत्पादकत्व वृद्धिसँगै गरिबी निवारण, आत्मनिर्भरता, स्वरोजगारी, रोजगारी र उद्यमशिलताको प्रवर्द्धनलाई केन्द्रमा राख्दै यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गत आ.व.का नीति, कार्यक्रम तथा बजेटमार्फत अगाडि बढाइएका कतिपय योजनाहरू सम्पन्न भइसकेका छन् भने केही योजनाहरू कार्यान्वयनको प्रक्रियामा छन्। केही योजना कार्यान्वयन हुन नसकेका भए तापनि तिनीहरूलाई पुनः समेटी निरन्तरताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु।

**"सुन्दर, समुन्नत र समृद्ध चिङ्गाड"** गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासिको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा जनताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८२।८३ को नीति तथा कार्यक्रमलाई मार्गनिर्देश गरेका छौं । गाउँपालिकाको दिर्घकालिन सोच लाई पुरा गर्ने गरी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको गरिमामय सभा समक्ष स्वीकृतिको लागि प्रस्तुत गर्न चाहान्छु ।

**वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधान तथा संविधानले प्रत्याभूत गरेको मौलिकहकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई प्राथमिकतामा राखिएको,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- कर्णाली प्रदेश सरकार तथा चिङ्गाड गाउँपालिकाका आवधिक योजनाहरु,
- दिगो विकासका लक्ष्यहरु २०३० को मार्गचित्रलाई आत्मसाथ गर्दै स्थानीयकरण गरिएको,
- नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- स्थानीय सरकारको हालसम्मको अनुभव तथा सिकाईहरु
- सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त योजना तथा सुझावहरु, सरोकारवालाहरुबाट प्राप्त राय/सुझावहरु, विगतका वर्षहरुमा भएका गाउँसभाका निर्णयहरु, स्थानीय राजश्व परामर्श समिति, बजेट सीमा निर्धारण तथा स्रोत अनुमान समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु, लेखा परीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रमबाट प्राप्त सुझावहरु,
- चिङ्गाड गाउँपालिकाका विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु र मापदण्डहरु ।

## क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहान्छु

### १. आर्थिक विकासः

### क. कृषि विकास :

१. कृषि पेशामा आवद्ध गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यवसायिक कृषि प्रणाली तर्फ अग्रसर गराउन **"कृषिमा लगानी : रोजगारीमा वृद्धि"** भन्ने ध्येयका साथ चिङ्गाडलाई कृषिमा आत्मनिर्भर बनाउन छिटो र उच्च प्रतिफलयुक्त उत्पादनका कार्यक्रमहरु संचालन मार्फत रोजगारी सृजना गरिनेछ।

२. **वडा वडामा कृषि स्वयंमसेवक** कार्यक्रम अन्तर्गत स्थानियस्तरमा कृषि प्रवर्द्धन तथा किसानलाई प्रविधि, सूचना र सेवामा पहुँच पुऱ्याउन प्रत्येक वडामा कृषि स्वयंमसेवक/स्वयंमसेविका परिचालन गरिनेछ ।

३. किसान सूचीकरणमार्फत व्यावसायिक र निर्वाहमुखी कृषक वर्गीकरण गरी व्यावसायिक कृषकहरूलाई नाफामूलक र प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकास गर्न सहयोग गर्ने र निर्वाहमुखी कृषकहरूलाई कृषि उत्पादन सामाग्रीहरूको सहुलियतपूर्ण उपलब्धताको सुनिश्चितता गरिनेछ।

४. कृषक समूह र कृषि सहकारीलाई विस्तार एवं विकास गर्दै कृषि प्रसार सेवाको सञ्चालन विन्दुको रूपमा विकास गरी ग्रामीण कृषकहरूलाई सहकारीमा आबद्ध हुनको लागि प्रोत्साहन गरिनेछ।

५. प्रमुख खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गर्न बीउ प्रतिस्थापन दरमा सुधार गरिनेछ। साथै **बीउ विजन आत्मनिर्भर कार्यक्रम** सञ्चालन गरी उन्नत बीउको उपलब्धताको सुनिश्चितता गरिनेछ। गाउँपालिकामा उन्नत बीउ प्रयोगमा अनुदान प्रदान गरिनेछ।

६. खेतीयोग्य बाझो जमिनको यथार्थ तथ्याङ्क संकलन गरी **बाझो जग्गा उपयोगमा** ल्याउन प्रोत्साहन गरिनेछ। बाँझो कृषियोग्य जमिनमा बहुउपयोगी रुख प्रजातिहरू र कन्दमूल बाली सहितको कृषिवन प्रणालीको प्रवर्द्धन गरिनेछ।

७. गाउँपालिकाको **खाद्य सुरक्षा रणनैतिक योजना** निर्माण गरी खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

८. **रैथाने बालीको प्रवर्धन** गरी पालिकाको ब्राण्डमा बजारीकरण गरिनेछ।

९. प्राङ्गारिक विषादी एवं मलको उत्पादन र प्रयोगको विस्तार गरी प्राङ्गारिक कृषि प्रवर्द्धन गरिनेछ।

१०. कृषक क्षमता अभिवृद्धिको लागि विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको समन्वयमा कृषि तालिम, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ । कृषि प्राविधिकहरुको क्षमता अभिवृद्दि गर्न आवश्यक तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

११. कृषकहरूलाई मौसम सम्बन्धी पूर्व सूचना प्रवाह गर्ने व्यवस्था गरी जलवायुमैत्री कृषि प्रणालीसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यासको अभिलेखन र विस्तार गरिनेछ।

१२. मौरीपालन, पुष्प खेती, बेमौसमी तरकारी खेती जस्ता तुलनात्मक लाभ भएका क्षेत्रहरूको विस्तार गरिनेछ।

१३. उच्च उत्पादकत्व तथा कृषि बालीको क्षेत्रफल वृद्धिको लागि सिँचाई सुविधाको विस्तार गरिनेछ।

१४. गुणस्तरीय फलफूल बेर्ना उत्पादन तथा आपूर्तिको लागि **पालिका स्तरीय नर्सरीलाई निरन्तरता** दिनुका साथै निजी नर्सरीहरू दर्ता गरी क्षमता अभिवृद्धि गरिनेछ।

१५. रासायनिक मलको आपूर्ति, वितरण र अनुगमन व्यवस्थित र पारदर्शी बनाइनेछ।

१६. जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोगको अभियान संचालन गरिनेछ।

१७. कृषि उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसँग प्रत्यक्ष समन्वय गरी **सहज बजारीकरणको** व्यवस्था गरिनेछ।

१८. गाउँपालिकामा उत्पादित मुख्य बालीहरुको **न्यूनतम समर्थन मूल्य** तोकिनेछ।

१९. उत्पादनोपरान्त हुने क्षति न्यूनीकरणको लागि कोल्ड स्टोरेजको व्यवस्था गर्न आवश्यक समन्वय गरी विशेष अनुदान दिइनेछ।

२०. कृषि सेवा केन्द्रमा **माटो परिक्षण प्रयोगशाला** स्थापना गरी निःशुल्क माटो परिक्षण सेवा प्रदान गरिनेछ। परिक्षणको आधारमा चुन तथा सुक्ष्म तत्वहरु अनुदानमा वितरण गरिनेछ।

२१. सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका वस्तुहरुको पहिचान गरी प**केट क्षेत्र, सामुहिक खेति, करार खेति** तथा चक्लाबन्दी खेति लाई प्रोत्साहन गरिनेछ ।

२२. **कृषि बिमा** कार्यक्रमलाई प्रभावकारी र पहुँचयोग्य बनाई बिमा प्रिमियममा लाग्ने शुल्क गाउँपालिकाले अनुदान प्रदान गरिनेछ।

२३. कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषक तालिम, मेला प्रदर्शनी, कृषक दिवस, प्रतियोगिता, कृषक पाठशाला, उत्कृष्ट कृषक सम्मान, बाली उपचार शिविर लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२४. कृषकहरुले अनुसरण गरेका नविनतम सफल प्रविधि तथा कृषकको सफलताको कथा प्रकाशन तथा प्रचार प्रसार गरिनेछ।

२५. गाउँपालिका अन्तर्गतका कृषि उपज संकलन र प्रशोधनमा संलग्न संघ-संस्थाहरुलाई विशेष प्रोत्साहन गरिनेछ।

**ख. पशुपंक्षी तथा मत्स्य विकासः**

२६. विद्यार्थिहरुलाई व्यवहारिक र व्यवसायिक शिक्षा अभिवृद्धि गर्ने हेतुले **"विद्यार्थिहरु सँग पढ्दै कमाउदै"** कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयहरु सँगको साझेदारीमा पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. **गोठ देखि ओठ सम्म** स्वच्छ पशुजन्य पदार्थ सेवन गर्न पशु रोग महामारी नियन्त्रण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

२८. रेबिज रोगको प्रकोप बढ्दै गईरहेको अवस्थामा साझेदारी कार्यक्रम अन्तर्गत रेविज रोग नियन्त्रणका लागि कुकुर बन्ध्याकरण र रेविज विरुद्धको खोप शिविर तथा शंकास्पद रेबिज रोग बाट मृत्यु भएका जनावरहरुको नमूना संकलन गरी रोग निदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. **"दुध उत्पादनको प्रमुख आधार : कृत्रिम गर्भाधान द्वारा नश्ल सुधार"** अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिदैं कृत्रिम गर्भाधान विधि बाट सुत्केरी भई दुधालु भएका पशुहरुमा सुत्केरी पशु प्रोत्साहन कार्यक्रम अन्तर्गत कृषकलाई नगद पशु सुत्केरी स्याहार भत्ता उपलब्ध गराईनेछ ।

३०. नेपाल सरकारले **पशुपंक्षीको बिमा** कार्यक्रममा दिदैं आएको अनुदानका विषयमा आम कृषकहरुको सहभागीतालाई प्रोत्साहन गर्न गाउँपालिकास्तरबाट पशु बिमा प्रिमियममा थप अनुदान प्रदान गरिनेछ ।

३१. गाउँपालिका भित्रका कृषक समूहहरुलाई थप शसक्त बनाई सक्रिय बनाउन कृषक समूह व्यवस्थापनको लागि पालिकाले व पालिकास्तरका कार्यक्रमहरुमा सहभागिता वृद्धि गराउन

उक्त समूहमा व्यवस्थापन खर्च अनुदान  प्रदान गरिनेछ । साथै कृषि समूहहरुमा **ड्रेन्चिङ कार्यक्रम सञ्चालन** गरिनेछ ।

३२. चिङ्गाड गाउँपालिका भित्र उत्पादन हुने कच्चा दुधको मूल्य शृङ्खला वृद्धिका लागि छुर्पि उद्धोग सञ्चालन तथा स्तरोन्नति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३३.व्यवसायिक फर्म/समूहको मागमा आधारित अनुदानमा यान्त्रीकरण सहयोग कार्यक्रम सञ्चालन गरी चिङ्गाड गाउँपालिका भित्रका कृषक हरुलाई आधुनिक पशुपालनतर्फ उन्मुख गराईनेछ ।

३४. कृषकहरुका आवस्यकता बमोजिम गाउँपालिका भित्रका पहुँच सहज नभएका स्थानहरुमा स्थलगत निशुल्क पशुपंक्षी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३५. विद्यालयमा पठनपाठन गरिरहेका बालबालिकाहरुमा सानै उमेर देखि ज्ञान अभिवृद्धि गर्न पशुपंक्षी पालन तथा विभिन्न रोगहरु बारे जानकारी गराउन स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. कृषि पर्यटनलाई टेवा पुर्याउन स्थानीय हावापानी सुहाँउदो माछापालनको सम्भाव्यता अध्ययन गरी चिङ्गाड खोलामा माछापालन कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा उपचार सेवालाई थप प्रभावकारी बनाउन आवश्यक कार्यक्रमहरुमा बजेट विनियोजन गरी कृषकहरुलाई प्रदान गरिदै आएको सेवामा वृद्धि गरिनेछ ।

३८. बिगतमा लम्पि स्किन /खोरेत/ पि.पि.आर. जस्ता रोगहरुका कारण पशुहरुको स्वास्थ्य तथा समग्र पशुहरुको उत्पादनमा आएको ह्रासलाई मध्यनजर गर्दै कृषकलाई पर्न जाने क्षति न्यूनिकरणका लागि पशुपंक्षीहरुमा लाग्ने **रोगहरु विरुद्ध खोप कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिईनेछ ।

३९. गाउँपालिका भित्र स्तर उन्नति भएका सडक बाटोहरुमा भुक्षय नियन्त्रण तथा सडक बाटो वरपर मनोरम दृश्यका लागि समुह /समिति मार्फत घाँसको विरुवाहरु रोप्न लगाई बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

ग. **उद्योग र वाणिज्यः**

४०. **उद्दम गरी स्वरोजगार : समृद्ध चिङ्गाडको आधार** नामक अभियान सञ्चालनमा ल्याइनेछ । यो अभियानलाई कार्यान्वयनमा लैजान व्यवसायिक सीप सिकी उद्दममा आवद्द हुन चाहने वेरोजगार आदिवासी/जनजाती, दलित तथा अल्पसंख्यक, महिला, युवा, भिन्न क्षमता भएका व्यक्तिहरुलाई निरन्तर सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । तालिम सञ्चालन पश्चात उद्दम गर्ने व्यक्तिहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

४१. लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र ठुला उद्योगहरु स्थापनाका लागि सुरक्षित र लगानीमैत्री वातावरण तयार गरी निजी क्षेत्रलाई आकर्षित र प्रोत्साहन गर्ने नीति

अवलम्बन गरि गुणस्तरीय र प्रतिस्पर्धी उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्दै रोजगारी तथा स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ ।

४२. नव प्रवर्धनका साथै कृषि, पशु, वन, खनिज लगायत स्थानीय कच्चा वस्तुमा आधारित उद्योग स्थापना र प्रवर्धन गरी उत्पादन, रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्दै आत्मनिर्भर तथा समुन्नत पालिकाको आधार तयार गरिने छ ।

४३. परम्परागत ज्ञान, सिप, तथा क्षमता अभिवृद्धि गरी आधुनिकीकरण र व्यवसायिकरण मार्फत वजारीकरणका लागि आवश्यक सहयोग एवं समन्वय गरिनेछ ।

४४. स्लेट ढुङ्गा, खरी ढुङ्गा, स्फटीक ढुङ्गा, तामा खानी, फलाम खानी, वन पैदावार लगायत क्षेत्रको पहिचान तथा सम्भाव्यता अध्ययन गरनेछ ।

४५. चिङ्गाड औद्योगीक ग्रामको सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

४६. बजार मागमा आधारीत उद्यमशीलता विकास एवं सीप विकास तालिम सञ्चालन गरिनेछ ।

४७. गाउँपालिकामा स्थानीय लघु, घरेलु, साना, मझौला तथा ठुला उद्योगहरुको स्थापनाका लागी सरकारी, सहकारी र निजि क्षेत्रसंग समन्वय र सहकार्य गर्दै उद्योगीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

४८. स्थानीय अल्लो, अदुवा, वेसार, लसुन, टिमुर, सिस्नो, पशु जन्य कच्चा पदार्थ, वन जन्य कच्चा पदार्थ र जुडिवुडी जस्ता स्थानीय उपजको प्रशोधन, प्याकेजिङ्ग तथा विविधिकरण र बजारीकरणका लागि विशेष पहल गरिनेछ।

४९. कृषक समूह, टोल विकास समिति र उद्यमी समूहको दर्ता र नविकरण निःशुल्क गरिनेछ ।

**घ. पर्यटन विकासः**

५०. चिङ्गाड गाउँपालिका अन्तर्गत रहेका पर्यटन क्षेत्रको पहिचान र विकासको लागि पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी पर्यटन क्षेत्रको विकास गरिनेछ।

५१. **कम्तिमा एक दिन मालिका र बुरुसे पुगौं** अभियान सञ्चालन गरी धार्मिक, साँस्कृतिक तथा वातावरणीय रुपमा महत्व बोकेको मालिका क्षेत्रलाई चिङ्गाड गाउँपालिकाको पर्यटकीय हबको रुपमा विस्तार र विकास गरिनेछ।

५२. गाउँपालिकाको समग्र पर्यटन विकासमा टेवा पुर्याउने हेतुले यस गाउँपालिकामा निर्माण गरिने धार्मिक स्थलहरु, मठ, मन्दिर, पद मार्गहरुमा स्थानीय पत्थर ढुङ्गाहरुको प्रयोगलाई ग्राहयता दिइनेछ।

५३. गाउँपालिकाको पुरातात्वीक रुपमा महत्व बोकेका धार्मिक, भाषिक, सांस्कृतिक पहिचान झल्किने गरी **पालिका स्तरिय संग्रहालय** स्थापना गरि सञ्चालन गरिनेछ ।

५४. गाउँपालिकाको वडा नं ५ को पोखरा डाँडा र वडा नं २ को पाथेखानी डाँडामा पर्यटन विकासको लागि साहसिक खेलहरु जस्तै स्काई साइक्लिङ, बन्जी जम्पिङ्ग, जिप लाइन निर्माणका लागि संघीय तथा प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

५५. चिङ्गाड गाउँपालिका भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक पर्यटकीय सम्भावनाको पहिचान गरी सूचीकरण गरिनेछ र तिनको संरक्षण तथा प्रवर्द्धनमा गाउँपालिकाबाट पहल गरिनेछ।

५६. **'एक वडा, एक पर्यटकीय गन्तव्य'** अवधारणा अन्तर्गत हरेक वडामा कम्तीमा एक स्थानको पूर्वाधार निर्माण तथा प्रचार प्रसारको कार्यक्रम ल्याइनेछ।

५७. गाउँपालिकाको सांस्कृतिक, हस्तकला, कृषि उत्पादन, स्थानीय खाना तथा पर्यटन स्थललाई प्रचार गर्न वार्षिक **'चिङ्गाड पर्यटन महोत्सव'** आयोजना गरिनेछ।

५८. प्रमुख पर्यटकीय स्थलसम्म पुग्न सहज बनाउने उद्देश्यले बाटो, ट्रेकिङ रुट तथा पैदल मार्गहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ।

५९. स्थानीय समुदायलाई होमस्टे सञ्चालनमा प्रोत्साहन गरिनेछ र तिनको स्तर वृद्धि गर्न सीपमूलक तालिम (आतिथ्य सेवा, खाना पकाउने, सरसफाइ आदि) प्रदान गरिनेछ।

६०. चिङ्गाड क्षेत्रका मठ, मन्दिर, गुफा तथा परम्परागत धार्मिक स्थलहरूको संरक्षण गरिनेछ र तीर्थयात्रा तथा मेलालाई व्यवस्थित गर्दै पर्यटकीय कार्यक्रमसँग जोडिनेछ।

६१. गाउँपालिकाका पर्यटकीय स्थलहरूलाई प्रचारप्रसार गर्न वेबसाइट, सामाजिक सञ्जाल, ब्रोसर, भिडियो सामग्री आदि उत्पादन गरिनेछ।

६२. वातावरणमैत्री पर्यटन प्रवर्द्धन गरिनेछ जसमा पदयात्रा, क्याम्पिङ, बर्ड वाचिङ, सामुदायिक वनमार्ग जस्ता कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गरिनेछ।

६३. पर्यटन विकासका लागि संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, NGO/INGO तथा स्थानीय समुदायसँग सहकार्य गरी स्रोत परिचालन तथा योजना कार्यान्वयन गरिनेछ।

**ङ. सहकारी विकास :**

६४. चिङ्गाड गाउँपालिका क्षेत्रभित्र पाउने रुखको पातको सदुपयोग गरी वातावरणमैत्री दुना टपरी लघु उद्दमको स्थापना र विस्तार गरिनेछ । यसका लागि **चिङ्गाडका महिला, टपरी निर्माणमा पहिला** नामक कार्यक्रमलाई निरन्तरता दिइनेछ । विभिन्न सहकारी संस्थाहरु र सामुदायिक बनसँगको साझेदारीमा दुना टपरी उत्पादनमा इच्छुक महिलाहरुलाई टपरी उत्पादन तालिम दिई अनुदान दिनेसम्मको व्यवस्था मिलाइनेछ ।

६५. सार्वजनिक क्षेत्रको सवलिकरण गर्दै छरिएर रहेको श्रम, सीप, स्रोत र पुंजीलाई निजी र सहकारी क्षेत्र सँगको समन्वय तथा सहकार्यमा उत्पादनशील क्षेत्रमा परिचालन गरी आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको आधार तयार गरिनेछ ।

६६. अनुगमन, नियमन, प्रशिक्षण र प्रवर्धन मार्फत सहकारी संस्थाहरुको सवलिकरण तथा सुदृढीकरण गरि सुशासनयुक्त वनाइनेछ ।

६७. सहकारी संस्थाहरुलाई मर्ज, खारेजी र सवलीकरण गर्ने नीति अवलम्वन गरिने छ ।

६८. गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थालाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ । उत्पादनमूलक क्षेत्रमा लगानी बढाई स्थानीयबासीको आय आर्जन अभिवृद्धि हुने किसिमका कार्यक्रम सञ्चालन गर्न चाहने गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुबाट प्रस्ताव लिई सबैभन्दा उत्कृष्ट प्रस्ताव पेश गर्ने सहकारी संस्थाको छनौट गरी त्यस्तो संस्थासँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न अनुदान वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

६९. सहकारी क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड मानी यसलाई व्यवस्थित, पारदर्शी र उत्पादनमुखी बनाउने नीतिअनुसार कार्यक्रमहरू लागू गरिनेछ।

७०. कृषि, पशुपालन, फलफूल, साना उद्योग, होमस्टे, वन, महिला उद्यम आदि क्षेत्रमा लक्षित **विषयगत सहकारी संस्थाहरूको स्थापना र प्रवर्द्धन** गरिनेछ, जसले स्थानीय स्रोतको उपयोग र रोजगार सिर्जना गर्न सघाउनेछ।

७१. सहकारीमा आबद्ध सदस्यहरूलाई **लेखा व्यवस्थापन, वित्तीय साक्षरता, उत्पादन व्यवस्थापन** आदिमा तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

७२. सहकारीहरू मार्फत किसान तथा साना उद्यमीहरूलाई बीउ पूँजी, उपकरण, घुलनशील मल, पशु आहार आदिमा **सहुलियत दरमा पहुँच** हुने व्यवस्था गरिनेछ।

७३. सहकारी संस्थाहरूमार्फत उत्पादन, प्रशोधन र भण्डारणपछि उपभोग्य वस्तुको **स्थानीय बजारमा वितरण** गरी किसानले उत्पादनको उचित मूल्य पाउने वातावरण निर्माण गरिनेछ।

७४. सहकारी संस्था तथा सदस्यहरूलाई प्रोत्साहन गर्न **वार्षिक उत्कृष्ट सहकारी संस्था र सदस्य पुरस्कार कार्यक्रम** सञ्चालन गरिनेछ।

७५. सहकारीहरूसँग सहकार्य गरी उपभोक्ता सहकारी प्रणाली विकास गरिनेछ जसअन्तर्गत दैनिक उपभोग्य सामग्रीहरू उचित मूल्यमा वितरण गरिनेछ।

७६. सहकारी क्षेत्रमा युवाको सहभागिता बढाउन स्टार्टअप, उद्यमशीलता र नवप्रवर्तन कार्यक्रम मार्फत **युवा सहकारी उद्यमको प्रवर्द्धन** गरिनेछ।

**ङ. रोजगारी:**

७७. गाउँपालिका भित्र उपलब्ध प्राकृतिक स्रोत, स्थानीय सीप, परम्परागत पेशा र प्रविधिको समायोजन गरी **स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू लागू** गरिनेछ।

७८. कृषि, पशुपालन, मौरीपालन, माछापालन, फलफूल खेती, सिपमूलक उद्योग, घरेलु उत्पादन आदि क्षेत्रमा आधारित **आय आर्जनमुखी कार्यक्रमहरू सञ्चालन** गरिनेछ।

७९. **"एक घर, एक रोजगार"** अवधारणा अनुसार हरेक घरपरिवारलाई कम्तीमा एउटा आयआर्जनको स्रोतमा आबद्ध गराउने लक्ष्य लिइनेछ।

८०. स्थानीय युवा, महिला तथा दलित समुदायलाई लक्षित गरी **सीपमूलक तालिम (सिलाई, बुटिक, मोटरसाइकल मर्मत, कम्प्युटर, प्लम्बिङ, बिजुली आदि)** प्रदान गरिनेछ, जसले उनीहरूलाई स्वतन्त्र पेशामा लाग्न सक्षम बनाउनेछ।

८१. तालिम प्राप्त व्यक्तिहरूलाई **उद्यम सञ्चालनका लागि सहुलियत ऋण, बीउ पूँजी, उपकरण सहयोग** र प्राविधिक सल्लाह प्रदान गरिनेछ।

८२. वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूलाई सीप अनुसार **पुनःस्थापना कार्यक्रम** सञ्चालन गरिनेछ ।

८३. महिला, अपांगता भएका व्यक्ति र विपन्न वर्गका लागि **गृहआधारित उद्यम** (जस्तै ढाका बुनाइ, अचार, सुकुटी, बाँसको सामाग्री, काठका सामाग्री आदि) मा प्रोत्साहन गरिनेछ।

८४. गाउँपालिकाका कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, सहकारी आदि संस्थामा आवश्यक पर्ने काममा **स्थानिय जनशक्तिको प्राथमिकता** दिने नीति लिइनेछ ।

८५. नियमित रुपमा वडामा सडक तथा नालि मर्मत संभार गर्न, वडामा रहेका बाँझो जग्गाको उपयोग गर्न, व्यवसायिक कृषकहरुलाई आवश्यक सहयोग गर्न, वन्यजन्तुबाट कृषकहरुको बालि संरक्षण गर्न, खानेपानी पाईप तथा सिँचाइ कुलो तत्काल मर्मत संभार गर्न, विपद व्यवस्थापन सम्बन्धी कार्य गर्न, गाउँपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सबै वडामा परिचालन गर्ने गरी वार्षिक रोजगारीको व्यवस्था मिलाइनेछ ।

**च. राजश्व तथा आन्तरिक आय :**

८६. **"मैले तिर्ने कर, समृद्ध चिङ्गाडको भर"** भन्ने नारासहित राजश्व तिर्ने संस्कार बनाउने अभियान सञ्चालन गरिनेछ, जसबाट जनचेतना र करप्रति जिम्मेवारीको भावना विकास गरिनेछ। वस्तुगत र तथ्यको आधारमा करको आधार, मुल्याङ्कन तथा निर्धारण गरिनेछ ।

८७. कर संकलन प्रक्रिया प्रविधिमैत्री बनाई सम्पूर्ण प्रणाली अनलाइनमार्फत सहज, पारदर्शी र छरितो बनाइनेछ।

८८. गाउँपालिकाको **राजश्व सुधार योजना निर्माण** गरी कार्यान्वयनमा ल्याइनेछ ।

८९. समयमै कर तिर्ने करदाताहरूलाई सम्मान, प्रमाणपत्र वा छुटजस्ता प्रोत्साहन प्रदान गरिनेछ, जसले अरू करदातालाई पनि प्रेरित गर्नेछ।

९०. ढुङ्गा, गिटी, बालुवाजस्ता स्रोतको उत्खनन वातावरणीय मूल्याङ्कनको परिधिभित्र रही गराइनेछ, र त्यसबाट उचित दरमा कर संकलन गरिनेछ।

९१. सम्पत्ति करको दायरा विस्तार गरि घर, जग्गा, भवनजस्ता सम्पत्तिको मूल्याङ्कन गरी कर प्रणालीमा समावेश गरिनेछ।

९२. पालिका भित्रका सबै व्यवसाय र उद्योगलाई अनिवार्य रूपमा अभिलेखिकृत गरी राजश्वको दायरामा ल्याइनेछ।

९३. राजस्व परामर्श समितिले राजश्व प्रक्षेपण सहित दिएका अन्य सुझाव तथा सिफारिसलाई यस गाउँपालिकाको राजश्व नीतिको आधारको रुपमा अवलम्बन गरिनेछ ।

९४. राजस्व प्रक्षेपण (आम्दानी अनुमान) सम्बन्धी अध्ययनलाई प्रत्येक वर्ष अद्यावधिक गरी व्यवहारिक योजना बनाइनेछ।

९५. विद्यालय तहदेखि नै कर शिक्षा र साक्षरताको कार्यक्रम सञ्चालन गरिनेछ, जसले दीर्घकालीन कर सचेतना विकासमा सहयोग गर्नेछ।

**२. सामाजिक विकास :**

**क. शिक्षा :**

**"साक्षर, सिप, अनुशासन र आत्मनिर्भर शिक्षा हाम्रो अभियान"**

९६. गाउँपालिकाले निर्माण गरेको १० वर्षे रणनीतिक शिक्षा योजना मुताविक शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी कार्यान्वयन गरिनेछ ।

९७. यस गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन विधुत लाइन विस्तार गरी **विद्यालयमा प्रविधि कार्यक्रम** सञ्चालन मार्फत कम्प्युटर र प्रिन्टर लगायतका डिजिटल नेटवर्कको पहुँचमा पुर्याइनेछ ।

९८. स्वास्थ्य चौकीहरुको समन्वयमा प्रत्येक २ महिनामा विद्यार्थीहरुको नि:शुल्क स्वास्थ्य परिक्षणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९९. शिक्षक विद्यार्थी अनुपात र भुगोलका आधारमा सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय नक्साङ्कनका आधारमा विद्यालयलाई विलय (मर्ज) गराउने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लिईनेछ ।

१००. पालिका स्तरीय **शैक्षिक अक्षय कोषको** स्थापना गरी शैक्षिक विकासको लागि विशेष पहल गरिनेछ ।

१०१. विद्यार्थी प्रतिभा पहिचानका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०२. शैक्षिक गुणस्तर सुधार तथा विद्यार्थी प्रोत्साहनका लागि उत्कृष्ट तथा जेहन्दार विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. शैक्षिक जीवनको आधारस्तम्भ मानिने आधारभुत तहका परीक्षा प्रणालीहरुलाई विश्वसनीय, वैध, वैज्ञानिक, मर्यादित र व्यवस्थित बनाइनेछ।

१०४. चिङ्गाड गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार तथा अभिवृद्दि गर्न भौगोलिक दुरीलाई मध्यनजर गरी **आवासिय विद्यालय** सञ्चालन गरिनेछ ।

१०५. आधारभुत तह सम्मको अनिवार्य शिक्षाको प्रवर्धनका लागि सामुदायिक अध्ययन केन्द्रलाई विशेष रुपमा परिचालन गरिनेछ।

१०६. विद्यालयमा **"पढदै सिक्दै कमाउदै"** कार्यक्रम सञ्चालन मार्फत विद्यालयलाई उत्पादनसँग जोड्न आयआर्जन मुलक कृषि, पशु, सिपमुलक तथा व्यवसायिक मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. यस गाउँपालिका भित्रका प्रधानध्यापकहरुलाई ३ वर्षको विद्यालय शैक्षिक कार्ययोजना बनाउन लगाई पालिका सँग अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गरिनेछ । साथै उत्कृष्ट कार्यसम्पादनको आधारमा सामुदायिक विद्यालयमा कार्यरत प्र.अ., शिक्षक, स.का. र का.स. लाई सम्मान गरिनेछ ।

१०८. **शिक्षण सिकाइमा सूचना प्रविधि**को प्रयोगलाई प्रोत्साहन गर्न शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

१०९. सशर्त अनुदान मार्फत प्राप्त बजेट पालिका भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न पालिकाका विद्यालयमा ई-लाइब्रेरी, सूचना प्रविधि र विज्ञान प्रयोगशाला छनौट गरि कार्यान्वयन गरिनेछ ।

११०. पढाई व्यवस्थापन कार्यविधि मार्फत शिक्षक व्यवस्थापन गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१११. पालिका भित्र प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ ।

११२. सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई प्रोत्साहन गर्न **"स्यानिटरी प्याड किशोरीको हातमा"** कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११३. पढ्ने र सिक्ने बानीको विकास गर्न र पुस्तकालय व्यवस्थापन गर्न सामुदायिक अध्ययन केन्द्रलाई सवलीकरण गरिनेछ ।

११४. विद्यालयमा कला संस्कृति तथा खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११५. गाउँपालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको **पोषण स्तर अभिवृद्धि, विद्यालय उपस्थिति सुधार तथा सिकाइ उपलब्धिमा वृद्धि** गर्ने उद्देश्यले **दिवा खाजा कार्यक्रम सञ्चालन** गरिनेछ। विशेष गरी कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा उपलब्ध गराउने नीति लिइनेछ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक, सहकारी, कृषक समूह तथा महिला समूहसँग समन्वय गरी **खाजा तयारी, वितरण तथा गुणस्तर नियन्त्रणको कार्यमा सहभागिता सुनिश्चित** गरिनेछ। पालिकाबाट स्वीकृत पोषणयुक्त साप्ताहिक दिवा खाजा मेनुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ र सोको अनुगमन निरन्तर गरिनेछ ।

११६. गरिब, विपन्न, दलित, जनजाति, अपांगता भएका बालबालिकाहरूका लागि **निःशुल्क शैक्षिक सामग्री, पोसाक, छात्रवृत्ति र पोषण कार्यक्रम** सञ्चालन गरिनेछ।

११७. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न **शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम, अनुगमन र मूल्यांकन प्रणाली** मजबुत पारिनेछ।

११८. गाउँपालिका भित्रका विद्यालयमा **बालमैत्री स्वास्थ्य परीक्षण**, यौन तथा प्रजनन शिक्षा, मानसिक स्वास्थ्य तथा सरसफाइ सचेतना कार्यक्रम समावेश गरिनेछ।

११९. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षामा बजेट, स्रोत र प्रविधिको **एकीकृत उपयोग र अनुदान परिचालन** गरिनेछ।

ख. **स्वास्थ्यः**

१२०. बिरामीको चापलाई मुल्याङ्कन गरी हाल सञ्चालनमा रहेका समुदायिक स्वास्थ्य ईकाइहरुलाई थप ब्यवस्थित बनाई जनस्वास्थ्यका कार्यक्रम सञ्चालन तथा कम चाप भएका समुदायिक स्वास्थ्य ईकाइहरुलाई मिलान गरी आधारभुत स्वास्थ्य सेवा केन्द्रको रुपमा बिकास गर्ने कामको शुरुवात गर्ने र थप जनशक्तिको ब्यवस्था गरी स्वास्थ्य चौकी सरह सेवा प्रवाह हुने व्यवस्था गरिनेछ ।

१२१. समयमै रोगको सही निदान गरी उपयुक्त उपचार तथा व्यवस्थापनको माध्यमबाट बिरामीको अकालमा ज्यान जोगाउनको लागि पालिका भित्रका स्वास्थ्य संस्थालाई थप व्यवस्थित र सेवा वृद्धि गर्दै जाने नीति लिइ प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

१२२. गर्भवती महिलाको भिडियो एक्सरे (अल्ट्रासाउन्ड) सेवा निरन्तर सञ्चालन गरी मातृ तथा नवशिशु सेवाको प्रत्याभूति सहित पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका बनाउनको लागि सुत्केरी आमाहरुलाई निशुल्क एम्बुलेन्स वा साधनको व्यवस्था गरिनेछ ।

१२३. सुनौला हजार दिनका आमाहरुको पोषण अवस्था सुधार गर्नको लागी पोषण जाँच शिविर तथा जनचेतना अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२४. नसर्ने तथा मानसिक रोगको रोकथामको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।४० बर्ष देखि माथिका नागरिकहरुको रक्तचाप, मधुमेह जस्ता नसर्ने रोगहरुको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. एच.आइ.भि.,एड्स तथा योनजन्य रोग सम्बन्धि विशेष सचेतना कार्यक्रम मार्फत रोकथामका गरिनेछ ।

१२६. क्षयरोग निवारण रणनीति २०१६-३५ अन्तर्गत सन् २०३५ सम्ममा क्षयरोगीको सङ्ख्या शुन्य र सन् २०५० सम्ममा क्षयरोग मुक्त गर्ने राष्ट्रिय रणनीति अनुरुप समुदायमा सक्रिय क्षयरोगको खोजपड्ताल, रोग पहिचान, उपचार तथा सहयोग कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी क्षयरोगका विरामीको घरभेट र पोषण खर्चको ब्यवस्थापन गरिनेछ ।

१२७.चिङ्गाड गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था, गाउँघर क्लिनिक,खोप क्लिनिक र स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानहरुमा एकिकृत जनस्वास्थ्य अभियान मार्फत घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१२८. स्वास्थ्य पूर्वाधार, औषधी तथा उपकरणको उपलब्धतामा वृद्धि गरी आधारभूत अस्पताल सञ्चालनमा ल्याईनेछ।

१२९. रोगको पहिचान नभई जथाभावी औषधी खाने बानीलाई निरुत्साहित गरिनेछ ।

१३०. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्डबाट आएको मूल्याङ्कनलाई आधार बनाई स्वास्थ्य सेवाको गुणस्तर सुदृढीकरण गरिनेछ।

१३१. पूर्णखोप सुनिश्चितता तथा दिगोपना वडा, गाउपालिकाको अवस्थालाई कायम गर्दै वडाहरुमा खोपको समिक्षा गरी सुक्ष्म योजना तर्जुमा गरिनेछ । साथै १६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुको शुलभ घरधुरी सर्वेक्षण गरी वडा र गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना सुनिश्चित रहेको घोषणा गरिनेछ ।

१३२. स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ र पोसिला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोसिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक स्वास्थ्य शिक्षा, परामर्श दिइनेछ र विद्यालयहरुलाई जङ्कफूड मुक्त विद्यालय घोषणा गरिनेछ ।

१३३. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरुलाई क्षमता अभिबृद्धिको लागि तालिम सञ्चालन गरिनेछ ।

१३४. स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटिहरुको व्यवस्थापन र उपयोग गर्दै नागरिक आरोग्य सेवा केन्द्रलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१३५. एक स्वास्थ्य संस्था एक बगैंचा, करेसाबारी निर्माण गरिनेछ । साथै स्वास्थ्य संस्थाको फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।

१३६. ६० बर्ष पूरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न नसक्ने महिला सामुदायिक स्वास्थ्य स्वंय सेविकाहरुलाई दिर्घकालीन सेवा वापत स-सम्मान बिदाई गरिनेछ ।

१३७. नसर्ने रोगहरुको पहिचान र उपचारका लागि बिशेषज्ञ निशुल्क स्वास्थ्य शिविर, आँखा शिविर र दन्त शिविरहरु सञ्चालन गरिनेछ । स्वास्थ्य संस्थाबाट दिईने सम्पूर्ण सेवालाई डिजिटललाईजेशन गरी थप प्रभावकारी बनाउनको लागि आवश्यक ल्यापटप, डेक्सटप,

ईन्टरनेट, ट्याप र स्वास्थ्यकर्मीहरुको लागि DHIS२/eHMIS तालिमको व्यवस्था गरिनेछ ।

१३८. सम्वत् २०८४ साल चैत्र सम्ममा पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने कार्यको पूर्वतयारीको लागि आर्थिक वर्ष ०८२।०८३ मा सूचक पूरा गर्ने वडाहरुलाई क्रमश पोषणमैत्री वडा घोषणा गर्दै जाने कार्य गरिनेछ ।

१३९. गाउँपालिकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउने रणनीतिको साथ आर्थिक वर्ष २०८१।८२ मा वडा नं ३ लाई पूर्ण सरसफाई उन्मुख (सफा तथा स्वच्छ) वडा घोषणा गरिएकोमा आर्थिक वर्ष २०८२।०८३ मा कम्तिमा दुई वटा वडालाई पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने नीति अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४०. कडा प्रकारका रोग तथा मनोसामाजीक समस्याको उपचार गराई रहनुभएका ब्यक्तिहरुको समुदाय स्तरबाट पहिचान गरि वडाको सिफारीसमा निःशुल्क स्वास्थ्य बिमा पालिका स्तरबाट गराई उपचारमा सहयोग गर्ने ब्यवस्था मिलाईने छ।

१४१. **"हरेक महिनाको प्रत्यक शनिवार, स्वास्थ्यकर्मी पुग्ने छन् टोल टोलमा"** अभियानका साथ नसर्ने रोग रोकथाम सम्बन्धि प्रचार प्रसार तथा जेष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्तिको स्वास्थ्य परिक्षण गरिनेछ ।

१४२. हरेक स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाका लागि आवश्यक निःशुल्क औषधिको उपलब्धता हरेक समयमा रहने सुनिश्चितता कायम गरिने छ ।

१४३. महिला समुदायिक स्वास्थ्य स्वयम सेविका लागि **नियमित सिकाई कार्यक्रम** लागु गरिने तथा महिला समुदायिक स्वास्थ्य स्वयम सेविकाको कामको मुल्याङ्कन गर्दै हाल उपलब्ध सुविधालाई यथाबत राखि थप सेवा सुविधामा बृद्धि गर्ने र हरेक बर्ष पालिका स्तरमा उत्कृस्ट महिला स्वयम सेविका पहिचान गरी सम्मान गरिनेछ ।

१४४. निश्क्रिय रुपमा रहेका आमा समुह पुनर्गठन गरी स्वास्थ्य आमा समुहलाई क्रियाशिल गराउन **"हाम्रो टोल हामी आफै मिलिजुली स्वास्थ बनाउछौं" कार्यक्रम सञ्चालन गरिनेछ । साथै** निश्क्रिय महिला समुदायिक स्वास्थ्य स्वयमसेविकालाई कार्यविधी निर्माण गरी सक्रिय महिला स्वयंसेविका छनौट गरिनेछ ।

१४५. मानसिक स्वास्थ्य तथा नसर्ने रोगको पहिचान र रोकथामका लागि पालिका भित्र उपलब्ध मनोसामाजिक तालिम प्राप्त जनशक्ति,अन्य जनशक्ति परिचालन गरिनेछ ।

१४६. प्राथमिक स्वास्थ्य केन्द्र अवचिङ्गको आकस्मिक सेवालाई थप ब्यवस्थित गरिनुको साथै मटेला स्वास्थ्य चौकी बाट पनि आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने कामको शुरुवात गरिनेछ ।

१४७. हरेक स्वास्थ्य संस्थाले हरेक महिनाको दुई दिन आफ्नो कार्यक्षेत्रमा सरसफाई सम्बन्धि कार्यक्रम संचालन गर्नुपर्ने ब्यवस्था मिलाईने छ साथै बजार उन्मुख क्षेत्रमा सरसफाई ब्यबस्थापनका लागि आबश्यक पहल गरिने छ ।

१४८. स्वास्थ्य सेवाको नियमित उपलब्धतालाई मध्य नजर गरी सार्बजनिक बिदाको दिन पनि सेवा प्रबाहलाई निरन्तरता दिन स्वास्थ्यकर्मीहरुलाई ईन्सेन्टिभको ब्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

१४९. गाउँपालिकाको पन्ध्र शैयाँ अस्पतालको निर्माण कार्यलाई शिघ्र रुपमा अगाडी बढाइने।

**ग. युवा र खेलकुद विकास :**

१५०. गाउँपालिका क्षेत्रभित्र समग्र खेल क्षेत्रको विकास र विस्तारका लागि पालिकास्तरीय खेलमैदान निर्माण गर्ने कार्यलाई पूर्णता दिइनेछ ।

१५१. वडास्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ, जसले युवाबीच आपसी मेलमिलाप, खेल भावना विकास गर्न र खेल प्रतिभाको पहिचान गर्न सहयोग पुर्‍याउनेछ।

१५२. युवाहरुलाई लक्षित गरी खेल प्रशिक्षक, निर्णायक (Referee), जीवन उपयोगी सीप र नेतृत्व विकाससम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

१५३. युवा क्लवहरुलाई खेलकुद प्रति आकर्षण गर्न खेलकुद सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

१५४. युवाहरुको क्षमता विकासका लागि सरकारी तथा गैरसरकारी संस्थाहसँग साझेदारी गरी यूवा मैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५५. युवामाझ बढ्दो नशा सेवन र दुर्व्यसन न्यूनीकरण गर्न विद्यालय, क्लब र समुदायसँग सहकार्य गरेर  सचेतनामूलक कार्यक्रम, र्‍याली, पोस्टर प्रतियोगिता र छलफल कार्यक्रम सञ्चालन गरिनेछ।

१५६. युवाहरुलाई सरकारी सेवामा पहुँच बढाउन उत्प्रेरित तथा सहयोग गर्न गाउँपालिकाले लोकसेवा आयोग र शिक्षक सेवा आयोगको निःशुल्क तयारी कक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ ।

१५७. गाउँपालिकाका यूवाहरुलाई खेल क्षेत्रमा प्रोत्साहन गर्न पालिका स्तरीय एक युवा परिषद गठन गरी कार्यान्वयमा ल्याइने छ ।

१५८. वडास्तरमा युवा तथा खेलकुद विकास समिति गठन गरिनेछ र पालिकास्तरमा रहेको समितिलाई सशक्त बनाइ खेलकुद योजनाको कार्यान्वयनमा सक्रिय बनाइनेछ।

१५९. गाउँपालिकामा नीति निर्माण प्रक्रियामा युवाहरुको सहभागितालाई अभिवृद्धि गरिनेछ ।

१६०. सम्पूर्ण कार्यक्रम कार्यान्वयनका लागि युवामैत्री बजेट विनियोजन गरिनेछ र त्यसको पारदर्शी तथा प्रभावकारी प्रयोग सुनिश्चित गरिनेछ।

१६१. **युथ फर ग्रिन फ्युचर कार्यक्रम सञ्चालन गरी युवा स्वयंसेवकहरुलाई** सरसफाई, विपद व्यवस्थापन, वृक्षारोपण लगायतका कार्यमा परिचालन गरिनेछ ।

घ. **कला, भाषा, धर्म, संस्कृति र साहित्य :**

१६२. गाउँमा रहेका ऐतिहासिक तथा धार्मिक स्थलहरू (जस्तै मठ मन्दिर, गुफा, तीर्थस्थल) को संरक्षण, जीर्णोद्धार तथा प्रचारप्रसार गरिनेछ।

१६३. विद्यालय तथा टोलस्तरमा बालकविता, निबन्ध, चित्रकला, नाटक आदि सिर्जनात्मक कार्यक्रम आयोजना गरिनेछ, जसबाट बालबालिका र युवाहरूमा भाषा र साहित्यप्रतिको रुचि बढाउने नीति अवलम्बन गरिनेछ ।

१६४. गाउँपालिकामा अस्तित्वमा रहेका सबै भाषा, कला, साहित्य, संगित, नृत्य तथा मूर्त एवं अमूर्त सबै सम्पदाको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

१६५. सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि कला र संस्कृतिसँग जोडिएका पर्यटकीय स्थलहरूको पहिचान, प्रचारप्रसार तथा विकास गरिनेछ।

१६६. गाउँपालिकास्तरमा **"कला, साहित्य र संस्कृति प्रवर्द्धन समिति"** गठन गरिनेछ, जसले नीति निर्माणदेखि कार्यान्वयनसम्मको जिम्मेवारी लिनेछ।

१६७. जातीय, धार्मिक र भाषिक विविधताको सम्मान गर्दै अन्तरसंवाद र सहिष्णुताको वातावरण बनाइनेछ, जसका लागि अन्तरधार्मिक तथा अन्तरसंस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ।

१६८. मौलिक संस्कृति प्रति गौरव गर्दै संरक्षण तथा नयाँ पिढीमा हस्तान्तरण गर्न सक्ने गरी युवा पुस्तालाई जागरुक बनाइनेछ ।

१६९. गाउँपालिका भित्र बसोबास गर्ने सबै जातजाती, धार्मिक समुदायहरु विच रहेको परम्परागत कला, संस्कृति, भेषभुषा, मातृभाषा आदि लाई पालिकाकै शोभाको रुपमा लिई संरक्षण तथा जगेर्ना गर्ने कार्य गरिनेछ ।

**ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण:**

१७०. सबै समुदायका नागरिकबीच समान अवसर सुनिश्चित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीतालाई विकासको मुख्य आधार मानेर कार्यक्रम सञ्चालन गरिनेछ।

१७१. पालिकाका सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थामा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूल प्रवाहीकरण मार्फत महिला सशक्तिकरण गरिनेछ।

१७२. एकल महिला, बिपन्न महिला, अपांगता भएका महिला, सुत्केरी, गर्भवती तथा लैङ्गिक अल्पसंख्यक समूहलाई लक्षित गरी राहत र आत्मनिर्भर बनाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१७३. महिलालाई आयआर्जनमा संलग्न गराउने उद्देश्यले सिलाई कटाई, बुटिक, खाद्यान्न प्रशोधन, ढकिया बुनाइ आदि सीपमूलक तालिमहरू प्रदान गरिनेछ।

१७४. घरेलु हिंसा, छुवाछुत, बालविवाह, बलात्कार, बहुविवाह, लैङ्गिक हिंसा, लागू औषध दुर्व्यसन जस्ता समस्याहरू विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ, जसमा स्थानीय आमा समूह, महिला समूह, क्लब, विद्यालय लगायतको सहकार्य हुनेछ।

१७५. समाजमा अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका र योगदानलाई उच्च महत्व दिँदै ज्ञान सिप क्षमता कौशलको उपयोग गर्दै सम्मानित जिवनको निर्वाह **गर्न ज्येष्ठ नागरिक सँग पालिका** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७६. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी वडा स्तरबाटै परिचय पत्र वितरण गर्न शिवर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१७७. पहिचान गरिएका अपाङ्गता भएका व्यक्तीहरुलाई नीजहरुको आवश्यकता अनुसार अपाङ्गता सहायक सामग्रीहरु निःशुल्क रुपमा वितरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१७८. विद्यालय, स्वास्थ्य संस्था, कार्यालय तथा सार्वजनिक सेवा क्षेत्रमा लैङ्गिक मैत्री वातावरण सिर्जना गरिनेछ (जस्तैः सुरक्षित शौचालय, महिनावारी अनुकूल सुविधा, यौनिक शिक्षाको प्रवर्द्धन) ।

१७९. चिङ्गाड सरकारको सेवा प्रवाहमा बालमैत्री शासनलाई प्राथमिकता दिइनेछ ।

१८०. दलित, आदिवासी जनजाती तथा विपन्न र पिछडिएको वर्ग र क्षेत्रको उत्थानका लागि स्थानीय सिपमा आधारित रोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**च. सामाजिक सुरक्षा तथा पञ्जिकरणः**

१८१. गाउँपालिका भित्रका ६० बर्ष माथीका पुरुषलाई विपन्न एकल पुरुष सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८२. गाउँपालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिक, एकल महिला, अशक्त, अपाङ्ग र बालबालिकाहरुले पाउने सेवा सुविधा तथा आर्थिक पक्ष "**सामाजिक सुरक्षा भत्तामा सहजिकरण, चिङ्गाडको लक्ष्य**" कार्यक्रम अन्तर्गत बैक सँग समन्वय गरि छिटो, छरितो र सहज ढङ्गबाट समाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था गरिनेछ ।साथै बैंक सम्म जान नसक्ने लाभग्राहीहरुलाई बैंक र पालिकाको समन्वयमा घरदैलो सामाजिक सुरक्षा शिविर सञ्चालन गरिनेछ ।

१८३. ब्यक्तिगत घटना दर्तालाइ सहज बनाउन अनलाइन आवेदन प्रणाली लागू गरी टोकन प्रणाली मार्फत घटना दर्ता गर्ने ब्यबस्था मिलाइनेछ ।

१८४. सूचनाको हकको प्रयोग गर्दै सामाजिक सुरक्षा प्राप्त गर्ने सम्पुर्ण लाभग्राहीहरुको विवरण त्रैमासिक रुपमा वडा कार्यालयको सूचना पाटी र Website मा सार्वजानिक गरिनेछ ।

१८५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूसँग नियमित अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ, जसबाट उनीहरूले प्राप्त अनुदानको सही प्रयोग, वित्तीय साक्षरता र आत्मनिर्भरता प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

१८६. सरकारी मापदण्ड तथा विभागीय निर्देशनअनुसार वडास्तरमा **'व्यक्तिगत घटना दर्ता सप्ताह अभियान सञ्चालन गरिनेछ,'** जसबाट नागरिकलाई समयमै जन्म, मृत्यु, विवाह, जस्ता घटनाहरूको दर्ता गर्न प्रोत्साहित गरिनेछ।साथै व्यक्तिगत घटना दर्ताको पूर्णता मापन गरी पूर्णता घोषणा गर्ने नीति लिइनेछ ।

१८७. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता सम्बन्धी प्राप्त हुने गुनासोहरूको समयमै समाधान सुनिश्चित गर्न अनलाइनमा आधारित गुनासो व्यवस्थापन प्रणाली प्रयोगमा ल्याइनेछ।

१८८. गाउँपालिकामा सूचना प्रविधि सहि व्यक्तिलाई सहि रकम सहि समयमा प्रदान गर्ने नीति अवलम्बन गर्दै सामाजिक सुरक्षा नविकरण र दर्तालाई प्रभावकारि बनाउन प्रत्येक वडामा वायोमेट्रिक डिभाइस र पालिकामा Iris र Multi finger Device को व्यवस्थापन गरिनेछ

३) **पूर्वाधार विकास :**

**क. सडक तथा यातायात:**

१८९. **गाउँपालिका भित्र सडक सञ्जालको विस्तार तथा सुधार मार्फत** सबै वडाहरूलाई मुख्य बजार, सेवा केन्द्र, विद्यालय तथा स्वास्थ्य संस्था जस्ता महत्वपूर्ण स्थानसँग सडकमार्फत जोड्ने व्यवस्था गरिनेछ।

१९०. **सडक निर्माणमा स्थानीय स्रोत र श्रमको प्रयोग गरिनेछ,** जसअनुसार उपभोक्ता समितिको सक्रिय सहभागिता र स्थानीय जनशक्ति तथा सामग्रीको उपयोग गरिनेछ।

१९१. **कृषि तथा पर्यटन केन्द्रहरूमा पुग्ने सडकहरूलाई प्राथमिकतामा राखी स्तरोन्नति गरी** उत्पादकत्व र रोजगारीमा वृद्धि **गरिनेछ** ।

१९२. चिङ्गाड गाउँपालिकामा रहेको चिङ्गाड खोलालाई दुबैतिर तटबन्ध गरि खोला र खेती योग्य जमिन छुट्याई खोलाको वरीपरी **हरित सडक सञ्चालन** विस्तारलाई निरन्तरता दिइनेछ ।

१९३. निर्माणाधिन पन्ध्र शैयाको आधारभूत अस्पताल को जग्गा प्राप्ती भई निर्माण कार्यहरु सुरु भइरहेकोले यसलाई तदारुकता साथ निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।

१९४. गाउँपालिकाको गौरबको योजनाको रुपमा रहेको पालिका स्तरको चिङ्गाड चक्रपथ निर्माणको कार्य अगाडि बढाइ पूर्णता दिइनेछ।

१९५. संघ र प्रदेश सरकार सँग समन्वय गरी जिल्ला सदरमुकामबाट पालिका सम्म र पालिका भित्रका मुख्य सडक निर्माण गर्न पहल गरिनेछ ।

१९६. **सडक संरचनाहरू समावेशी र पहुँचयुक्त बनाइनेछ,** जसअनुसार अपांगता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक तथा बालमैत्री संरचनामा विशेष ध्यान दिइनेछ।

१९७. उत्कृष्ट कार्यसम्पन्न गर्ने **उपभोक्ता समितिलाई सम्मान** गर्दै समग्र योजनाहरुलाई थप प्रभावकारी बनाउने नीति लिइने छ।

१९८. कृषि उत्पादनको मुख्य क्षेत्रमा सहज बजारीकरणको लागि बाह्रै महिना सञ्चालन हुने व्यवस्थित **कृषि सडक संजाल** विस्तारलाई निरन्तरता दिइनेछ।

१९९. गाउँपालिकाको सडक गुरुयोजना मुताविक वडास्तरीय, पालिका स्तरीय सडक निर्माण गरिनेछ । गाउँपालिकाको स्रोत साधनको अभाव हुने अवस्थामा प्रदेश तथा संघ सरकारलाई निर्माणको लागि सिफारिसका साथ आवश्यक पहल गरिनेछ ।

२००. **सार्वजनिक यातायात सेवा विस्तार र सुरक्षित यातायातका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।**

२०१. गाउँपालिकामा रहेका विभिन्न खोला र यसका सहायक खोलाहरुमा आवश्यक स्थानमा झोलुङ्गे पुल, ट्रस तथा पक्की पुल निर्माण गरिनेछ।

**ख. खानेपानी सरसफाई तथा सिंचाई :**

२०२. चिङ्गाड गाउँपालिका भरी खानेपानीको पहुँच विस्तार गर्न **"घर घर धारा: चिङ्गाडको नारा"** कार्यक्रमलाई संघ सरकार, प्रदेश सरकार तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा सम्पन्न गरिनेछ ।

२०३. पालिका भित्र खानेपानी सञ्चालन तथा व्यवस्थापन गर्नका लागि पालिकास्तरीय **चिङ्गाड बृहत खानेपानी उपभोक्ता समिति** गठन गरी वडागत रुपमा खानेपानी उपभोक्ता समिति मार्फत प्रभावकारी रुपमा व्यवस्थापन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२०४. खानेपानीको मुहान संरक्षण प्रभावकारी बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५. पूर्ण तथ्यांङ्कमा आधारित **WASH (वास)** प्रणालीमा तथ्याङ्क प्रविष्ट गरी खानेपानी तथा सरसफाइ आयोजनाहरु सञ्चालन गर्न **WASH Plan (वास प्लान)** बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

२०६. विद्यालय, स्वास्थ्य चौकी तथा सार्वजनिक स्थानहरूमा स्वच्छता पूर्वाधार (शौचालय, हात धुने स्थल, फोहोर संकलन केन्द्र) स्थापना तथा मर्मत गरिनेछ।

२०७. फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन घरमै फोहोर छुट्याउने, कम्पोस्टिङ गर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ।

२०८. सिँचाइको पहुँच नपुगेका क्षेत्रमा साना तथा मझौला सिँचाइ योजनाहरू (कुलो, पाईपलाइन, सिँचाइ ट्यांकी) निर्माण गरी **कृषिमा पानीको** सुनिश्चितता गरिनेछ।

२०९. स्वच्छ खानेपानीको लागि गाउँपालिका भित्रका खानेपानीका स्रोतहरुको नियमित परीक्षण गरी सुद्धिकरणको व्यवस्था गरिनेछ ।

२१०. खानेपानी योजनाको दिगोपनाको लागि "**एक वडा एक** पलम्बर" कार्यक्रम सञ्चालन गरिनेछ ।

२११. स्वच्छ र सुरक्षित पिउने पानीको प्रयोगका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१२. कुनै एक निकायले निर्माण गरेको योजना अर्को निकायले क्षती पुर्याएमा क्षति पुर्याउने पक्षले त्यसको क्षतिपूर्ति बापत मर्मत सम्भार गर्ने नीति अवलम्बन गरिनेछ ।

ग. **विद्युत / उर्जा :**

२१३. **"चिङ्गाड उज्यालो कार्यक्रम"** मार्फत विधुतको पहुँच नपुगेको सबै वडा तथा टोलहरुमा विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी बिधुतको पहुँच विस्तार गरिनेछ ।

२१४. वातावरणमैत्री तथा दिगो ऊर्जा प्रणालीको विकासका लागि नीतिगत रुपमा हरित ऊर्जा प्रवर्द्धनमा जोड दिइनेछ।

२१५. विद्युत् सेवा नपुगेका दुर्गम वस्तीहरूमा वैकल्पिक ऊर्जा स्रोतको अध्ययन गरी उपयोगमा ल्याइनेछ।

२१६. चिङ्गाड गाउँपालिका भित्रका सरकारी कार्यालय, सडक, मुख्य बजार क्षेत्रमा सोलार लाइट / सडक बत्ती जडान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१७. गाउँपालिकाको जल उपयोग नीति बनाई कार्यान्वयमा ल्याइनेछ ।

**४. वन वातावरण तथा विपद व्यवस्थापन :**

२१८. सामुदायिक वन उपभोक्ता समितहरुलाई सशक्त बनाउँदै वनको संरक्षण, वृक्षारोपण गर्ने तथा वन पैदावारको दिगो उपयोगमा सहकार्य गरिनेछ।

२१९. प्राकृतिक विपद् (पहिरो, बाढी, डुबान, आगलागी, सुख्खा) बाट सुरक्षा सुनिश्चित गर्न जोखिम पहिचान, सचेतना, पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ।

२२०. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी आवश्यक स्थानान्तरण, पूर्व सूचना प्रणाली तथा प्रारम्भिक चेतावनी प्रणाली स्थापना गरिनेछ।

२२१. बाढी र पहिरोको जोखिम न्युनिकरण गर्न खोला तटीय क्षेत्र, पहिरोको जोखिम क्षेत्र, सडक किनारा लगायतका क्षेत्रमा तटबन्धन, जाली, पर्खाल लगाउनुका साथै वृक्षारोपण गरिनेछ।

२२२. जंगलको अवैध कटानी, ढुवानी तथा बेचबिखन नियन्त्रण गर्न निगरानी प्रणाली सुदृढ गरिनेछ र स्थानीय तहमा **वन गस्ती कार्यक्रममा** समन्वय गरिनेछ।

२२३. प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहन गर्दै प्लाष्टिकमुक्त गाउँपालिका बनाउने नितिलाई निरन्तरता दिइनेछ।

२२४. टोल विकास संस्थाहरुको माध्यमबाट फोहोर व्यवस्थापन र विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइने छ ।

२२५. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति र निकायहरुलाई विपद व्यवस्थापन कोषबाट तत्काल राहत उपलब्ध गराउने ध्येयका साथ विपद व्यवस्थापन सम्बन्धी कानूनमा समसामयिक संशोधन गरिनेछ ।

२२६. विपद व्यवस्थापन कोषमा इच्छुक सर्वसाधारणको समेत योगदानलाइ प्रोत्साहन गर्ने नीति लिइने छ ।

**२२७.** पालिका भित्र हुन सक्ने विपद जोखिमहरुको न्यूनिकरणका लागि **पालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजना निर्माण गरिनेछ।**

**सभा सदस्य ज्यूहरु :**

**५.संस्थागत सुशासन, मानब संसाधन विकास तथा व्यवस्थापनः**

**"सुशासन र सहभागिता : हाम्रो साझा प्रतिबद्धता"**

२२८. गाउँपालिकाको प्रशासनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी तथा सहभागीमूलक बनाई, गाउँपालिकाबाट प्रदान हुने सेवा तथा सुविधामा सबै नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ।

२२९. सेवा प्रवाहमा पारदर्शी, उत्तरदायी र खुला सरकारको अवधारणालाई आत्मसात गर्दै, स्थानीय तहको शासन प्रक्रिया तथा सेवा प्रवाहलाई छिटो, छरितो, परिणाममुखी, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय, सहभागितामूलक र समावेशी बनाउँदै चिङ्गाड गाउँपालिकामा संस्थागत रुपमा सुशासन कायम गरिनेछ।

२३०. गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै सेवा प्रवाहका समस्या, ढिलासुस्ती वा दुरुपयोग भएका विषयमा छानबिन गरी समाधान गरिनेछ।

२३१. संवेदनशील वर्ग (महिला, दलित, अपाङ्गता भएका व्यक्ति) को नेतृत्व विकास र अवसरमा पहुँच सुनिश्चित गर्न समावेशी संरचना निर्माण गरिनेछ।

२३२. सामाजिक सुरक्षा कोषको स्थापना गरी कार्यान्वयन गरिनेछ ।

२३३. गाउँपालिकाको गतिविधीहरुलाई सूचना बोर्ड, मोबाइल एप्स, सामाजिक सञ्जाल, वेबसाइट मार्फत सार्वजनिक गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शि बनाउँदै नागरिकहरुलाई **घरघरमा सूचना प्रवाह** हुने व्यवस्था मिलाइनेछ ।

२३४. गाउँपालिका तथा वडा कार्यालयमा **नागरिक सहायता कक्ष** संचालन गरी नागरिकलाई सहज र सुलभ रुपमा सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२३५. गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई तोकिएको समयमै कार्यान्वयन गर्न शाखा प्रमुखले भाद्र मसान्त भित्र कार्ययोजना निर्माण गरी प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन सम्झौता गरिनेछ ।

२३६. "**जनप्रतिनिधी सँग जनता कार्यक्रम**" मार्फत विभिन्न वडाहरुमा प्रत्येक महिना नागरिक भेटघाट कार्यक्रम संचालन गर्दै आम नागरिकको चासो, गुनासो र प्रतिकृयाहरु सम्बोधन गरी जनउत्तरदायी स्थानीय सरकार बनाईनेछ ।

२३७. गाउँपालिका भित्रका जनप्रतिनिधिहरु, विषयगत शाखा, वडा कार्यालय र पालिका मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु, सबै तहका शिक्षकहरुको व्यक्तिगत तथा संस्थागत क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, अध्ययन तथा अवलोकन भ्रमण संचालनलाई निरन्तरता दिइनेछ।

२३८. यस गाउँपालिका मातहतका कार्यालयमा कार्यरत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी स्वास्थ्यकर्मीहरुलाई कार्यचाप र कार्यसम्पादनका आधारमा विशेष प्रोत्साहन गर्ने नितिलाई निरन्तरता दिइनेछ।

२३९. नागरिक मैत्री सेवा प्रवाह सुनिश्चितताको लागि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा विद्युतीय हाजिरीको प्रभावकारी व्यवस्थापन मार्फत सुशासन कायम गरिनेछ।

२४०. सार्वजनिक खर्चलाई मितव्ययी बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२४१. कार्य सम्पादनको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति लिइनेछ साथै सेवाहरुको सूचकको आधारमा उत्कृष्ट वडा कार्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

२४२. गाउँपालिकाबाट खरिद गरिने वस्तु तथा सेवाहरुलाई खरिद गुरुयोजनाका आधारमा प्रचलित ऐन, नियम, कानून बमोजिम पारदर्शी रुपमा खरिद गर्ने व्यवस्था गरिनेछ ।

२४३. गाउँपालिकामा खरिद प्रक्रियालाई एक द्धार प्रणालीबाट खरिद गरिने व्यवस्था मिलाइनेछ । साथै आवश्यकता र औचित्यको आधारमा सार्वजनिक वित्तको परिचालन गरिनेछ ।

२४४. गाउँपालिकाको सम्पत्ती तथा सार्वजनिक सम्पत्तीलाई विद्युतीय अभिलेख तयार गरी त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गरिनेछ ।

२४५. विकास र प्रशासनिक सेवा प्रवाहको अनुभव आदान प्रदान गर्न देश तथा विदेशका निकायहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ ।

२४६. गाउँपालिकामा सुरक्षित र गुणस्तरीय खाद्यवस्तुको उपलब्धताका लागि परिवर्तित मूल्यसूची, गुणस्तरीय खाद्यवस्तुको विक्रि वितरण, म्याद गुज्रेका र अखाद्य पदार्थको विक्रि वितरणमा पूर्ण रुपमा नियन्त्रण गर्न गाउँपालिकाबाट नियमित रुपमा बजार अनुगमन तथा चेकजाँचलाई निरन्तरता दिइनेछ ।

२४७. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट सञ्चालन हुने विभिन्न कृयाकलापहरुको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन **सार्वजनिक सुनुवाइ, सार्वाजनिक परीक्षण** कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

२४८. भूमिहिन दलित, भूमिहिन सुकुमवासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गरिनेछ ।

२४९. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र उपयोग गरिनेछ ।

## ६. टोल विकास संस्था:

२५०. टोल विकास संस्थालाई गाउँपालिका र वडा कार्यालयबीचको सहकार्यदायी सयन्त्रको रुपमा सशक्त बनाइनेछ, जसले स्थानीय समस्या पहिचान र समाधान प्रक्रियामा प्रत्यक्ष योगदान दिइनेछ।

२५१. सडक, सिँचाइ, खानेपानी, सरसफाइ, वातावरण व्यवस्थापन, सामुदायिक भवन, बत्ती जडान आदि साना पूर्वाधार योजनाहरूमा टोलको अग्रसरता बढाइनेछ र योजना छनोटमा टोल विकास समितको सिफारिसलाई प्राथमिकता दिइनेछ।

२५२. टोल विकास संस्थाहरुको क्षमता विकास गर्न पदाधिकारीहरुका लागि बैठक व्यवस्थापन, नेतृत्व विकास र संस्था व्यवस्थापन लगायतका विभिन्न तालिमलाई निरन्तरता दिइनेछ । टोल विकास संस्थाहरु सहज रुपले संञ्चालन गर्न आवश्यक न्यूनतम भौतीक स्रोत उपलब्ध गराईने छ।

२५३. विकास निर्माण तथा स्थानीय पञ्जिकरण सम्बन्धी कार्य गर्दा सर्वप्रथम टोल विकास समितिको सिफारिसको कार्यलाई अवलम्बन गरि अगाडी बढाइने छ।

**७. न्यायिक सेवा:**

२५४. गाउँपालिकास्तरीय न्यायिक समिति मार्फत गाउँस्तरमा देखापर्ने स-साना विवादहरू मेलमिलाप, मध्यस्थता र आपसी सहमतिका आधारमा समाधान गरिने व्यवस्था गरिनेछ, जसले सस्तो, छिटो र सरल न्यायमा पहुँच सुनिश्चित गर्नेछ।

२५५. न्यायिक समितिका संयोजक, सदस्य तथा सहायक कर्मचारीहरूलाई आवश्यक कानुनी ज्ञान, विवाद समाधान सीप, मध्यस्थता विधि र सामाजिक मनोविज्ञान सम्बन्धी तालीमहरू प्रदान गरिनेछ ।

२५६. गाउँपालिका भित्र मेलमिलापकर्ता तालिम प्राप्त व्यक्तिहरुको सुचिकृत गदै जनप्रतिनिधि तथा मेलमिलाप कर्ताहरुलाई न्यायीक प्रकृया तथा कानुनी विषयहरुमा तालिम प्रदान गरिने छ।

२५७. न्यायिक समितिमा लैजान मिल्ने मुद्दाको दायरासम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२५८. न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा न्यायिक सहजकर्ताहरुलाई नमुना न्यायिक कार्यसम्पादन भएका पालिकाहरुमा असल अभ्यास र अनुभव आदान प्रदान भ्रमण कार्यमा सहभागी गराइनेछ।

प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुने उपाध्यक्ष सहित सम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, गाउँपालिकाका विद्धत वर्गहरु, विभिन्न माध्यमबाट राय सुझाब उपलब्ध गराउनु हुने सम्पूर्ण व्यक्तिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, पत्रकार र सम्पूर्ण गाउँपालिका बासिहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यस नीति तथा कार्यक्रमको कार्यान्वयमा हरपल साथ सहयोग र सहकार्य गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बिदा चाहन्छु ।

**धन्यवाद, नमस्कार ! जय चिङ्गाड !**

**बोधबिक्रम जि.सी.**
**सभाध्यक्ष**

“कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : संमृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी”

# गाउँपालिका उपाध्यक्ष श्री मिना कुमारी रोकाय ज्यूबाट
# सभामा पेश भएको
# आर्थिक वर्ष २०८२।०८३ को
# बजेट वक्तव्य

चिङ्गाड गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
२०८२ असार ८

**यस गरिमामय सभाका सभाध्यक्ष एंव गाउँपालिका अध्यक्ष श्री बोधविक्रम जि.सी ज्यू,**

**उपस्थित सभाका सदस्य ज्यूहरु,**

**कर्मचारी मित्रहरु,**

**पत्रकार महानुभावहरु तथा नागरिक समाजका सदस्यज्यूहरु।**

**साथै गाउँपालिकाको आधिकारिक फेसबुक पेजको प्रत्यक्ष प्रशारण मार्फत संसारभर प्रत्यक्ष रुपमा हेरीरहनु भएका तथा सुनिरहनु भएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाइ तथा दिदी बहिनीहरु ।**

आज मिति २०८२ असार ८ गते आइतवार कर्णाली प्रदेश, सुर्खेत जिल्ला चिङ्गाड गाउँपालिकाको आ.ब. २०८२/०८३ को बजेट बक्तव्य प्रस्तुत गर्न यस गरिमामय सभा समक्ष उपस्थित भएको छु। यस खुसीको अवसरमा जनआन्दोलन, शसस्त्र युद्ध, लगायतका राजनैतीक अधिकार प्राप्तीका लागि भएका संघर्षहरुमा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको लागि कामना गर्दै वेपत्ता नागरिकहरु प्रति सम्मानपुर्वक नमन गर्न चाहान्छु। साथै मुलकको राजनैतिक आर्थिक एंव सामाजिक परिवर्तनमा युगान्तकारी रुपले नेतृत्वदायी भुमिका खेल्नु हुने सम्पूर्ण महानुभावहरुकमा हार्दिक सम्मान प्रकट गर्न चाहान्छु।

आ.ब. २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संञ्चालन ऐन २०७४ एंव गाउँपालिकाको स्वीकृत ऐन, नियम, कार्यविधिहरु, मार्गदर्शन र विभिन्न बैठक तथा छलफलबाट प्राप्त भएको सुझावहरु समेतलाई समावेश गरि गाउँपालिका वासिहरुको समग्र आर्थिक समृद्धि, सामाजिक न्याय सुनिश्चतता र समानुपातिक तथा समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा तर्जुमा गरेको छु।

समृद्धिको यो यात्रामा हामीले हाम्रो पालिकालाई **"कृषि, पर्यटन,पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"** भन्ने नाराकासाथ योजनाहरुको प्राथामिकरण गरेका छौ। योजनाहरुको निर्माण गर्नु आधारभुत कुरा हो। तय गरिएका योजनाहरुको कार्यान्वयन प्रमुख पक्ष हो। केन्द्र तथा प्रदेशबाट स्थानीय तहका लागि पठाउने बजेटको आकार खुम्चिदो छ।यसर्थ बजेटको सिमितता भित्र रहि हामीले हाम्रा योजनाहरु तर्जुमा गरेका छौं।

**सभाध्यक्ष महोदय,**

- चालु आ.व. को ११ महिनाको पालिकागत प्रगतिको विवरण तयार गरि पेश गरेकी छु।
- चालु आ.व.को जेष्ठ मसान्त सम्म कुल विनियोजनको ६७.४३ प्रतिशत बजेट खर्च भएको छ।
- जुन अघिल्लो बर्षको सोही अवधिको तुलनामा २ प्रतिशत बढि हो।
- कुल खर्च मध्ये चालु तर्फ ७०.९९ प्रतिशत र पुँजिगत तर्फ ५३.३७ प्रतिशत रहेको छ।
- यो विवरण वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक श्रोत समेतलाई समेटेर बनाइएको हो ।

मिति २०८१।८२ मा सम्पन्न कार्यक्रम

मिति २०८२ जेष्ठ मसान्त सम्मको खर्चको अवस्था

| | **बजेट** | **खर्च** | **बाँकी मौज्दात** | **कैफियत** |
|---|---|---|---|---|
| **चालु तर्फ** | ३३८६८००६८ **(तेत्तीस करोड छैयासी लाख असी हजार अठसठ्ठी रुपैया)** | २४०४४०३०८। **(चौबिस करोड चार लाख चालिस हजार तिन सय आठ)** | ९८२३९७५९ **(नौ करोड बयासी लाख उनान्चालिस हजार सात सय उनान्साठी)** | |
| **पुँजिगत तर्फ** | **८,५८,३५००** **(आठ करोड अन्ठाउन्न लाख पैतिस हजार)** | ४,५८,१०,३२६ **(चार करोड अन्ठाउन्न लाख दश हजार तीन सय छब्बिस)** | ४,००,२४,६७४ **(चार करोड चौबिस हजार छ सय चौहत्तर )** | |
| **कुल जम्मा** | ४२,४५,१५,०६९ **(बयालिस करोड पैतालिस लाख पन्ध्र हजार उनान्सत्तरी)** | २८,६२,५०,६३४ **(अठाइस करोड बैसठ्ठी लाख पचास हजार छ सय चौतिस)** | १३,८२,६४,४३३ **(तेह्र करोड बयासी लाख चौसठ्ठी हजार चार सय तेत्तिस)** | |

➢ यसरी बाँकी बजेट मध्ये गाउँ कार्यपालिका र गाउँसभाको निर्णय बमोजिम स्वीकृत कार्यक्रम अनुसारका बाँकी खर्च शिर्षकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, वित्तीय उत्तरदायित्व तथा आर्थि कार्यविधी

ऐन २०७६, वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधी नियमावली २०७७, लगायत प्रचलित कानून बमोजिम खर्च गरिनेछ ।

- चाल आ.व. २०८१।८२ मा रु २१ लाख ३६ हजार ५ सय राजस्व असूल हुने लक्ष्य राखिएकोमा हालसम्म रु १७ लाख रुपैंया असूल भएको देखियो ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक बर्ष २०८२।०८३ को बजेटका उदेश्य तथा प्रथामिकरण प्रस्तुत गर्न चाहान्छु।**

**बजेटका उदेश्यहरु निम्न अनुसार रहेका छनः**

१. गुणस्तरीय पूर्वाधार निर्माण गरी उत्पादनमा अभिवृद्धि गर्ने।
२. ग्रामीण भौतिक संरचना सुदृढ गर्दै विकासमा समान पहुँच बनाइनेछ ।
३. समानुपातीक र समन्यायिक विकास मार्फत सबैको अपनत्व कायम गराउने।
४. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै सुशासन प्रबर्द्धन कायम गराउने ।
५. स्थानीय स्तरमै सीपमूलक तालिम र व्यवसायिक अवसर सिर्जना गरिनेछ ।
६. सामाजिक न्याय मार्फत समुन्नती हाँसिल गराउने ।
७. स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
८. सम्पूर्ण नागरिकमा सहजरुपमा शिक्षा, स्वास्थ्य जस्ता आधारभुत कुराहरुको प्रत्याभुत गराउने ।
९. स्थानीय कला, संस्कृति, साहित्य, भाषा,खेलकुद को समग्र संरक्षण र विकास गर्ने।
१०. **वडा वडामा कृषि स्वयंमसेवक** कार्यक्रम अन्तर्गत स्थानियस्तरमा कृषि प्रवर्द्धन तथा किसानलाई प्रविधि, सूचना र सेवामा पहुँच पुऱ्याउन प्रत्येक वडामा कृषि स्वयंमसेवक/ स्वयंमसेविका परिचालन गरि उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्ने ।
११. गाउँपालिकामा अस्तित्वमा रहेका सबै भाषा,कला, साहित्य, संगित, नृत्य तथा मूर्त एवं अमूर्त सबै सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने।
१२. गाउँपालिकाका सबै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनीतिक अवस्थामा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूल प्रवाहीकरण मार्फत महिला सशक्तिकरण बढुवा दिने।

१३. दलित,महिला,अपांगता भएका एकल महिला, बृद्ध तथा बालबालिकालाई लक्षित कार्यक्रम मार्फत समान अवसर प्रदान गर्ने ।

१४. समाजमा अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका र योगदानलाई उच्च महत्व दिँदै ज्ञान सिप क्षमता कौशलको उपयोग गर्दै सम्मानित जिवनको निर्वाह गर्न **ज्येष्ठ नागरिक सँग पालिका** कार्यक्रम अन्तर्गत ६० बर्ष माथिका विपन्न एकल पुरुषहरुलाई दैनिकि संचालन तथा हेरचाह र स्वास्थ्य अवस्थामा समेत सुधार ल्याउन एकल पुरुष भत्ताको व्यवस्थालाई निरन्तरता दिने ।

१५. स्थानीय पर्यटन क्षेत्रको पहिचान, पर्वर्द्धन र पूर्वाधार विकास गरिने ।

१६. पालिका भित्रका नागरिकहरुको आपतकालिन तथा आकस्मिक विपदजन्य गतिविधीबाट जोगाउनका लागि आकस्मिक विपद संचालन केन्द्र स्थापना गरि सामग्रीको व्यवस्थापन गर्ने ।

१७. पालिकाको योजना भित्र प्राथमिकता प्राप्त अधुरा आयोजनाहरुलाई निरन्तरता दिने ।

१८. पालिका भित्र खेलमैदान व्यवस्थित गरि खेल प्रतिभा प्रस्फुटन गर्न पालिका स्तरीय खेल मैदान निर्माण कार्यलाई  निरन्तरता दिने।

१९. विद्यार्थीहरुसँग पढ्दे कमाउँदै कार्यक्रमलाई निरन्तरता दिने ।

**माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथामिकता निर्धारण गरेको छु।**

- **चिङ्गाड करिडोर निर्माण** गरिनेछ ।
- पालिका भित्र खेलमैदान व्यवस्थित गरि खेल पर्तिभा प्रस्फुटन गर्न पालिका स्तरी खेल मैदान निर्माण गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवालाई गुणस्तरीय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि गरिने छ।
- गाउँपालिका भित्र सन्तुलित रुपमा क्षेत्रगत विकासमा जोड दिइनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई जनमैत्री बनाइनेछ ।
- गाउँपालिकामा स्वास्थ्य पुर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन मार्फत सर्वसुलव स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।
- कृषि तथा पशुपालक किसानलाइ प्रोत्साहन गरी कृषक केन्द्रित कार्यक्रम सञ्चालन गर्न अध्यक्ष कृषि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- कृषि तथा पशु क्षेत्रको आधुनिकरण मार्फत उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभुति गरिने ।
- कृषि संकलन केन्द्र संचालन मार्फत किसानको उत्पादनलाइ बजारीकरणका लागि गाउँपालिकाले सहजीकरणको व्यवस्था मिलाइने छ ।
- शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाई शैक्षिक क्षेत्र सुधारमा विशेष जोड दिदै बजेट विनियोजन गरिएको छ ।
- प्राकृतिक सम्पदाको संरक्षण गर्दै स्थानीय श्रोत र साधनको अधिकतम उपयोग गरि विकास निर्माणका कार्यहरु सञ्चालन गरिने छ।
- गाउँपालिकाको कला संस्कृतिको जगेर्ना गर्नको लागि स्थानीय कला संस्कृती कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- **"सहकारीमा सहकार्य"** मुख्य ध्येयका साथ सहकारी क्षेत्रलाई उत्पादन मार्फत आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- **"हरेक महिनाको प्रत्यक शनिवार, स्वास्थ्यकर्मी पुग्ने छन् टोल टोलमा"** अभियानका साथ नसर्ने रोग रोकथाम सम्बन्धि प्रचार प्रसार तथा जेष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्तिको स्वास्थ्य परिक्षण गरिने।
- कृषक सूचिकरण गरी कृषक परिचय पत्र प्रदान गरिनेछ ।

**सभाका सभाध्यक्ष् तथा सदस्य ज्युहरु**

१. अब म आगामी आ.व. २०८२।८३ को यस गाउँपालिकाको कुल आय व्यय विवरण सहितको संक्षिप्त विवरण राख्न चाहन्छु ।

  - **आन्तरिक राजस्व** २५ लाख मात्र।
  - **संघीय सशर्त अनुदान** : १७ करोड ७५ लाख ।
  - **संघीय वित्तीय समानीकरण** ८ करोड ।
  - **संघीय राजस्व** बाँडफाँड ८ करोड ७१ लाख २७ हजार २ सय ४३।
  - **संघीय बिशेष** अनुदान ९० लाख ।
  - संघीय समपुरक अनुदान ६५ लाख ।
  - **प्रदेश वित्तीय समानीकरण** ९९ लाख ६१ हजार ।

- **प्रदेश सवारी कर** १४ लाख ८३ हजार ९ सय ६४ ।
- **प्रदेश सशर्त अनुदान पुजींगत** १ करोड ८५ लाख ।
- **प्रदेश सशर्त अनुदान चालु** १६ लाख ७४ हजार ।
- प्रदेश सरकार विशेष अनुदान ६० लाख ।
- **आ.व. २०८१।८२ को अनुमानित मौज्दात** ८४ लाख ।

गरि कुल

जम्मा बजेट रु ४० करोड ८६ लाख ४६ हजार २ सय ७ आय अनुमान पेश गरेको छु ।

जसमध्ये व्यय तर्फ अनुमानित

चालु तर्फ ३१ करोड ८३ लाख ९ हजार र

पुँजीगत तर्फ ९ करोड ३ लाख ३७ हजार २ सय ७ ।

सन्तुलित बजेट यस सभा समक्ष पेश गरेको छु ।

**यस सम्वन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।**

यसका अतिरिक्त संघीय तथा प्रदेश सरकार अन्य संघ संस्थासँगको साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि थप योजना र कार्यक्रम प्राप्त हुन सक्ने संभावना समेतलाई मध्यनजर गरि गाउँपालिकाको साझेदारी कार्यक्रमको लागि रु १ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु ।

**सम्मानित सभाध्यक्ष ज्यू अब म आगामी आव २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रमको लागि क्षेत्रगत र विषयगत शाखा लाई विनियोजन गरिएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१. पालिका स्तरका सम्पुर्ण स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन गर्नका लागि एकमुष्ठ स्वास्थ्य शाखा मार्फत कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

२. गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको विकासको लागि २ करोड २७ लाख रकम विनियोजन गरेको छ ।

३. समाजमा अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका र योगदानलाई उच्च महत्व दिँदै ज्ञान सिप क्षमता कौशलको उपयोग गर्दै सम्मानित जिवनको निर्वाह गर्न **ज्येष्ठ नागरिक सँग पालिका** कार्यक्रम अन्तर्गत ६० बर्ष माथिका विपन्न एकल पुरुषहरुलाई दैनिकि संचालन तथा हेरचाह र स्वास्थ्य अवस्थामा समेत सुधार ल्याउन एकल पुरुष भत्ताको लागि रु ९ लाख रुपैया लाइ निरन्तरता दिइएको छ ।

।

४. यस गाँउपालिका भित्रका भुमिहिन दलित भुमिहिन सुकुम्बासि र अब्यबस्थित बसोबासीहरुको समस्या तत्काल यसै आ.ब मा समाधान गर्नको लागि राष्ट्रिय भूमी आयोग चिङ्गाड सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट बिनियोजन गरेको छ ।

५. गाउँपालिका स्तरिय औधोगिक ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन तथा स्थानीय घरेलु उद्योगहरुको स्थापना तथा प्रवर्द्धनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

६. गाउँपालिका स्तरी नर्सरी स्थापना तथा सञ्चालनको लागि **रु ६ लाख बजेट** विनियोजन गरेको छ ।

७. सम्पूर्ण वडाहरुमा बाह्रै महिना सवारी सञ्चालनको लागि सडक स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजना गरिएको छ ।

८. गाउँपालिकामा अस्तित्वमा रहेका सबै भाषा,कला, साहित्य, संगित, नृत्य तथा मूर्त एवं अमूर्त सबै सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्य बजेट विनियोजन गरेको छ ।

९. **नखाऔं गुट्का र सुर्ती उपभोग गरौं चिङ्गाडको छुर्पि** भन्ने मूल ध्येयका साथ चिङ्गाड क्षेत्रमा उत्पादन भएको कच्चा दुध लाई प्रसोधन गरि बजारीकरणको लागि ब्राण्डिङ्ग गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

१०. गाउँपालिका भित्रका बालबिवाह मुक्त र लैङ्गिक हिँसा मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिनका लागि महिला बालबालिका शाखा मार्फत अभियान संचालन गर्ने व्यवस्था गरेको छ । साथै गरिब, दलित, विपन्न, आदिवासी, जनजाती समुदायलाई उत्पादनमुलक आयआर्जनमा आकर्षित गर्नका लागी आवश्यक बजेट बिनियोजन गरेको छ । अपाङ्ग नागरिकहरुलाई आयआर्जनमा समाहित गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

११. गाउँपालिका भित्रका पशुपालक किसानहरुको आयआर्जनमा बृद्धि गरी आत्मनिर्भर ब्यबसाय संचालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छ ।

१२. गाउँपालिका भित्र आकस्मिक तथा आपतकालिन प्रकोप तथा विपदजन्य गतिविधि रोक्नका लागि पालिकास्तरीय आपतकालिन विपद संचालन केन्द्र स्थापना तथा व्यवस्थापनका लागि रु.१० लाख बजेटको व्यवस्था गरेको छ ।

१३. नेपालको संविधानमा भएको व्यवस्था बमोजिम न्यायिक समितिलाई थप मजबुत पार्नका लागि तथा न्यायिक अभ्यास र न्यायमा सबै नागरीकहरुको समान पहुच अभिबृद्धि गर्नको लागी न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता अभिवृदि कार्यक्रमका लागी रु. **७ लाख बजेट** बिनियोजन गरेको छ ।

१४. चिङ्गाड गाउँपालिका भित्र खेलकुद गतिविधि मार्फत युवा परिचालन गर्नका लागि खेलकुद विकास समितिलाई सकृय बनाइ लखेलकुद कार्यक्रम कार्यक्रम मार्फत **रु. १० लाख** रकम विनियोजन गरेको छ ।

१५. जनआन्दोलन जनयुद्ध तथा सशस्त्र द्धन्द्ध बाट सहिद, वेपत्ता पारिएका घाईते योद्धा, अंगभंग भएका चिङ्गाड बासी प्रभावित परिवारका नागरिकहरुलाई सम्मान गर्ने हेतुका साथ आवश्यक बजेटको व्यवस्था गरेको छ ।

१६. "**हरेक महिनाको प्रत्येक शनिवार, स्वास्थ्यकर्मी पुग्ने छन् टोल टोलमा**" अभियानका साथ नसर्ने रोग रोकथाम सम्बन्धि प्रचार प्रसार तथा जेष्ठ नागरिक र अपाङ्गता भएका ब्यक्तिको स्वास्थ्य परिक्षण गर्न व्यवस्था गरेको छ ।

अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष्य ज्यू, कार्यपालिकाका सदस्य ज्युहरु, गाउँ सभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, स्थानीय अगुवाहरु एवम् सम्पूर्ण गाउँपालिका वासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**
**मिना कुमारी रोकाय**
**गाउँपालिका उपाध्यक्ष**
**एवम**
**बार्षिक कार्यक्रम तथा बजेट**
**तर्जुमा समिति संयोजक**